नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र संख्या :- ०७५/०७६
चलानी .नः २१००

मितिः- २०७६/०२/१४

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका (सबै)।
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन ललितपुर ।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक ललितपुर ।
श्री जिल्ला समन्वय समिति (सबै)।
श्री निजामति कर्मचारी अस्पताल, मिनभवन काठमाण्डौ ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुर ।
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यालय(LGCDP)।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (LDTA) जावलाखेल ललितपुर।

विषयः- श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई काममा लगाउने सम्वन्धमा।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. २२४ मिति २०७६/०२/०५ को प्राप्त पत्रको छाँयाकपी यसै साथ संलग्न छ । सोही पत्रवाट व्यहोरा अवगत गर्नु भई सो अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(रविन्द्र जंग थापा)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः websiteमा Upload गरिदिनु हुन ।

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(श्रम सम्बन्ध शाखा)

च. नं. : श्र.सं./०७५/७६- २२४

मिति: २०७६।२।५

**विषय: श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई काममा लगाउने सम्बन्धमा।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार

श्री सबै मन्त्रालय/आयोगहरू

प्रस्तुत विषयमा श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई काममा लगाउन सकिने कामको सूची र श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई काममा लगाउँदा अनिवार्य रूपमा पालना गर्ने/गराउने विषयहरू सहितको सूचना नेपाल राजपत्रमा मिति २०७५/६/१९ मा प्रकाशित भएको छ । सो बमोजिम इजाजत प्राप्त श्रमिक आपूर्तिकर्ताहरूबाट मात्र श्रमिकहरू लिई काममा लगाउन सक्ने व्यवस्था छ । अतः यसरी श्रमिकलाई काममा लगाउँदा श्रम ऐन, २०७४ तथा नियमावली २०७५ बमोजिम तोकिएको न्यूनतम पारिश्रमिक लगायतका सेवा सुविधाभन्दा कम नहुने गरी मात्र काममा लगाउने आवश्यक व्यवस्था तहाँ कार्यालय/मन्त्रालय/आयोग र मातहतका निकायहरूमा समेत हुन आदेशानुसार अनुरोध छ ।

नेपाल राजपत्रमा प्रकाशित उक्त सूचना यस मन्त्रालयको वेवसाईट www.moless.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

(प्रेमप्रसाद उपाध्याय)
शाखा अधिकृत

बोधार्थः
श्री श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग,
मीनभवन ।